Sub.Code : 4181'A'

NEB - GRADE XII
2082 (2025)
Finance

(रजिस्ट्रेसन नम्बरका सुरुका दुई अङ्क ७८, ७९, ८० र ८१ भएका नियमित तथा आंशिक परीक्षार्थीहरूका लागि)

विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।

Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.

Time: 3 hrs. **Full Marks: 75**

समूह 'क' (Group 'A')

(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Very short answer questions) [११×१=११]

१. वित्तीय व्यवस्थापकका कुनै दुई उत्तरदायित्व लेख्नुहोस् ।
State any two responsibilities of financial manager.

२. कुन वित्तीय विवरणले व्यवसायको वित्तीय अवस्था देखाउँदछ ?
Which financial statement shows financial position of a business ?

३. स्थिर सम्पत्ति बिक्री अनुपातको अर्थ लेख्नुहोस् ।
Write the meaning of fixed assets turnover ratio.

४. कम्पनीका लागि अल्पकालीन ऋणका कुनै दुई फाइदा लेख्नुहोस् ।
State any two advantages of short term debt for a company.

५. आदर्श पुँजी संरचनाका कुनै दुई विशेषता लेख्नुहोस् ।
Write any two features of optimal capital structure.

६. साधारण शेयर र पूर्वाधिकार शेयरका कुनै दुई भिन्नता उल्लेख गर्नुहोस् ।
Mention any two differences between preferred stock and common stock.

७. ऋणपत्रका कुनै दुई विशेषताको सूची बनाउनुहोस् ।
List any two characteristics of bond.

८. लगानी निर्णय भनेको के हो ? (What is investment decision ?)

९. भावि दरलाई परिभाषित गर्नुहोस् । (Define forward rate.)

१०. यदि अल्पकालीन स्रोत रकम रु. ३,००,००० छ जुन कुल ऋणको ४० % हो भने दीर्घकालीन ऋणको रकम कति हुन्छ ?
If short term source is Rs. 3,00,000 which is 40% of the total debt capital, find out the total debt of a company.

EDUCATENEPAL
www.educatenepal.com

क्रमशः(Contd...)

११. यदि वर्तमान विनियम दर १ डलर बराबर रु. १३० छ भने रु. ६८,९०० को लागि कति डलर चाहिएला ?
If current exchange rate is Rs. 130 per dollar, how much dollar is needed for Rs. 68,900 ?

समूह 'ख' (Group 'B')

(संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Short answer questions) [८×५=४०]

१२. व्यावसायिक वित्तशास्त्र अर्थशास्त्रसँग कसरी अन्तरसम्बन्धित छ ? वर्णन गर्नुहोस्।
How business finance is interrelated with economics ? Explain.

१३. आय विवरणको तयारी कसरी गरिन्छ ? उपयुक्त उदाहरणसहित वर्णन गर्नुहोस्।
How income statement is prepared ? Describe with suitable example.

१४. यदि उधारो सम्झौता ४/१५ खुद ३५ दिन भएमा वार्षिक प्रतिशत लागत र प्रभावकारी वार्षिक दर कति हुन्छ ? [२+३]
How much annual percentage cost and effective annual rate when the credit terms are 4/15, net 35 ?

१५. एउटा उत्पादन कम्पनीको वस्तुको विक्रय मूल्य रू. ६० प्रति एकाई छ र परिवर्तनशील लागत रू. ४० प्रति एकाई छ; उक्त कम्पनीको समबिन्दु एकाई ८,००० छ भने समबिन्दु रुपैया र स्थिर सञ्चालन खर्च कति हुन्छ ? [२+३]
How much amount of breakeven point in rupees and operating fixed cost, if unit selling price Rs. 60 and unit variable cost Rs. 40 with break-even point is 8,000 units.

१६. कुनै पाँच प्रकारका लगानीका प्रस्तावहरूको बारेमा वर्णन गर्नुहोस्।
Explain any five types of investment proposals.

१७. एउटा कम्पनीको वार्षिक बिक्री रू. ८,००,००० साथै मौज्दात बिक्री अनुपात ८ रहेको छ। आसामी/प्राप्य परिणत अवधि २४ दिन र भुक्तानी स्थगन अवधि १८ दिन छ। (मानौं एक वर्षमा ३४० कार्य दिन हुन्छ।)
A company has annual sales of Rs. 8,00,000 with an inventory turnover ratio of 8 times. It has receivable collection period of 24 days and a payable deferral period of 18 days. (Assume 340 working days in a year.)

पत्ता लगाउनुहोस् (Required) : [२+३]

a) मौज्दात परिणत अवधि (Inventory Conversion Period)

b) नगद परिणत चक्र (Cash Conversion Cycle)

१८. लाभांश नीतिमा प्रभाव पार्ने कुनै पाँच तत्त्वहरूको वर्णन गर्नुहोस्।
Explain any five factors influencing dividend decision.

१९. देश विकासमा वहुराष्ट्रिय निगमको भूमिकाबारे वर्णन गर्नुहोस्।
Describe the role of multinational corporation in development of a country.

क्रमश:(Contd...)

अथवा (OR)

एक सिंगापुर डलरको विनिमय दर १.८४८४ अष्ट्रेलियन डलर छ, जबकि एक सिंगापुर डलरको विनिमय दर १.३७४८ अमेरिकन डलर छ भने अष्ट्रेलियन डलर र अमेरिकन डलर बिचको छड्के दर पत्ता लगानुहोस् ।

Exchange rate of one Singapore Dollar (SGD) is 1.8484 Australian Dollar (AUD), where as one Singapore Dollar is 1.3748 American Dollar (USD). Find out the cross rate between Australian Dollar (AUD) and American Dollar (USD).

समूह 'ग' (Group 'C')

(विस्तृत उत्तरात्मक प्रश्नहरू/ Long answer questions) [३×८=२४]

२०. निम्नानुसार वासलातको विवरण दिइएको छ :

Following information of Balance Sheet given as:

विवरण (Items)	Assets	Liabilities
नगद (Cash)	1,00,000	
आसामीहरू (Debtors)	2,00,000	
मेशिनरी (Machinery)	4,00,000	
मौज्दात (Stock)	50,000	
पूँजी (Capital)		3,00,000
ऋणपत्र (Debenture)		1,00,000
साहुहरू (Creditors)		80,000
अधिविकर्ष (Overdraft)		1,20,000
शेष मुनाफा (Retained Earnings)		1,50,000
जम्मा (Total)	7,50,000	7,50,000

थप जानकारी (Additional Information) :

i) यस वर्षको मुनाफा (Net profit for the year) : Rs. 1,00,000

ii) बिक्री (Sales) : Rs. 15,00,000

पत्ता लागाउनुहोस् (Required) : [८×१=८]

a) चालु अनुपात (Current Ratio)

b) तरल अनुपात (Liquid Ratio)

c) मौज्दात बिक्री अनुपात (Inventory turnover Ratio)

d) ऋण-पुंजी अनुपात (Debt-Equity Ratio)

e) कूल सम्पत्ति बिक्री अनुपात (Total Assets Turnover Ratio)

f) कूल पुंजी-नाफा अनुपात (Return on Capital Employed)

g) स्वपूंजी नाफा अनुपात (Return on Equity)

h) खुद नाफा अनुपात (Net Profit Ratio)

क्रमशः(Contd...)

२१. साधारण शेयरको अर्थ लेख्नुहोस् । साधारण शेयरका कुनै पाँच विशेषताहरू वर्णन गर्नुहोस् । [३+५]

Write the meaning of ordinary share. Explain any five features of ordinary share.

अथवा (OR)

a) एउटा कम्पनीले रु. १,००० अंकित मूल्य भएको १२% अविच्छिन्न ऋणपत्र जारी गऱ्यो । यसको अपेक्षित प्रतिफल दर १५% छ भने ऋणपत्रको मूल्य कति हुनुपर्छ ? [४]

A company has issued Rs. 1,000 par, 12% coupon perpetual bonds. If required rate of return to the bond holder is 15%, what should be the value of bond ?

EDUCATENEPAL www.educatenepal.com

b) एउटा कम्पनीले गतवर्ष प्रति शेयर लाभांश रु. २० भुक्तानी गरेको थियो । शेयरधनीहरूले लगानीमा १४% प्रतिफल चाहेका छन् । यदि प्रति वर्ष ८% वृद्धिदरको अपेक्षा गरिएको छ भने,

A company has paid a cash dividend of Rs. 20 per share in last year. Shareholders required 14% return on investment. If expected rate of growth is 8% per year,

पत्ता लगाउनुहोस् (Required) : [४]

शेयरको वर्तमान मूल्य (Value of stock at present)

२२. निम्न जानकारीहरु दिइएका छन् : Following informations are given as :

Year	Cash Flow	परियोजना (Project) A (Rs.)	परियोजना (Project) B (Rs.)
0	NCO	(4,00,000)	(4,00,000)
1	CFAT	1,50,000	1,64,000
2	CFAT	1,80,000	1,64,000
3	CFAT	1,90,000	1,64,000
4	CFAT	2,00,000	1,64,000
5	CFAT	1,00,000	1,64,000

थप जानकारी (Other Information) :

i) अपेक्षित प्रतिफल दर (Required rate of return) : 12%

पत्ता लगाउनुहोस् (Required) :

i) दुवै परियोजनाको खुद वर्तमान मूल्य (Net present value of both projects) [४+२]

ii) कुन परियोजना बढी लाभदायक हुन्छ ? किन ? [१+१]

Which project is more profitable ? Why ?